राष्ट्रिय दैनिक
# समाचार दैनिक
जनकपुर
Email: sdainik99@gmail.com
www.esamachardainik.com

वर्ष ७ अंक ५३ २०८२ भदौ २६ गते बिहिवार (11 Sep. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## नयाँ नेतृत्वमा सुशीला कार्कीको प्रस्तावपछि जेनजी युवाबीच मतभेद

दैनिक समाचारदाता

काठमाडौं, २५ भदौ । आगामी सरकारको नेतृत्वका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम अघि सारिएपछि मुलुकको राजनीतिक परिदृश्य फेरि नयाँ मोडमा प्रवेश गरेको छ । जेनजी पुस्ताका प्रतिनिधिहरूले बुधबार दिउँसो प्रधानसेनापति अशोकराज सिग्देलसँग भएको छलफलमा कार्कीलाई नयाँ नेतृत्वका रूपमा प्रस्ताव गरेपछि विवाद सुरु भएको हो ।



जेनजी पुस्ताले संविधान र विधिको रक्षा गर्न सक्ने इमान्दार छविको व्यक्तित्व मुलुकलाई आवश्यक रहेको भन्दै कार्कीलाई अघि सारिएको बताइएको छ । प्रस्तावलाई काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) ले समेत समर्थन जनाएका छन् । बालेनले सामाजिक सञ्जालमार्फत जेनजी पुस्तालाई सेना प्रमुखसँग वार्ताका लागि तयार रहन आग्रह गर्दै आफू परिवर्तनको पक्षमा रहेको स्पष्ट गरेका थिए ।

तर, कार्कीको नाम सार्वजनिक भएसँगै जंगीअड्डाबाहिर भेला भएका सयौं युवाले त्यसको कडा विरोध जनाएका छन् । उनीहरूले “कार्की होइन, बालेन चाहिन्छ” भन्दै नाराबाजी गरेका छन् । धेरै युवाले मेयर बालेनलाई नै नेतृत्वमा ल्याउनुपर्ने अडान सार्वजनिक गरेका छन् । यद्यपि, उनी प्रत्यक्ष रूपमा सम्पर्कमा नआएको भन्दै कतिपयले असन्तुष्टि व्यक्त गरेका छन् ।

यसअघि मंगलबार बेलुकीदेखि नै जेनजी पुस्ताका युवाहरूले सामाजिक सञ्जाल ‘डिस्कर्ड’मार्फत नेतृत्वका लागि नामावलीबारे छलफल गरेका थिए । छलफलमा कार्कीको पक्षमा बलियो मत प्रस्तुत भए पनि बालेनको नाम पनि उच्चस्तरमा चर्चामा रहेको स्रोतले जनाएको छ ।

बुधबार बिहान जेनजी पुस्ताका १५ जनाभन्दा बढी प्रतिनिधिहरू जंगीअड्डा पुगेका थिए । तर सेनाप्रमुख सिग्देलले पहिले आपसी सहमति गरेर संयोजक तोकेर मात्र वार्तामा आउन आग्रह गरेपछि उनीहरूले आन्तरिक बैठक गरेका थिए । उक्त बैठकमा गणतन्त्रको विरुद्धमा समेत प्रस्ताव आएको र त्यसपछि रक्षा बमसहितको समूह बाहिरिएको जानकारी प्राप्त भएको छ ।

यद्यपि, लामो छलफलपछि अन्ततः पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार गठन गर्ने सहमति भएको छ । तर, सडकमा उत्रिएका युवाहरूले अझै पनि बालेनलाई नै अघि बढाउनुपर्ने माग गरिरहेका कारण विवाद चर्कँदो क्रममा छ ।

राजनीतिक विश्लेषकहरूले यो परिस्थितिलाई जेनजी पुस्ताभित्रको नेतृत्व संकट र विश्वासको प्रश्नसँग जोडेर व्याख्या गरेका छन् । एकातिर कार्कीको इमान्दार छवि र विधिको पक्षमा रहेको अडान, अर्कोतिर युवापुस्तामा लोकप्रियता कमाएका मेयर बालेनप्रतिको आकर्षण–यी दुई धारबीचको रस्साकस्सीले आगामी सरकारको स्वरूप कस्तो बन्छ भन्ने प्रश्न अझै अनुत्तरित रहेको देखिन्छ ।

## मधेशका तीनवटा जेलबाट भागे ९८३ कैदीबन्दी



दैनिक समाचारदाता

जनकपुरधाम, २५ भदौ । मधेशका तीनवटा कारागारबाट ९८३ कैदीबन्दी फरार भएका छन् ।

सप्तरीको राजविराज, महोत्तरीको जलेश्वर र रौतहटको गौर कारागारबाट उनीहरू आन्दोलन, आगजनी र तोडफोड गरी भागेका हुन् । मधेशमा धनुषा र बारा बाहेक ६ वटा जिल्लामा कारागार छन् ।

सप्तरीको राजविराजस्थित सप्तरी कारागारबाट २०५ कैदीबन्दी भागेका छन् । जसमध्ये ३१ जनालाई नियन्त्रणमा लिन सफल भएको सप्तरीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) टुवराज पोखरेलले बताए ।

दिउँसो १ बजेतिर थुनुवाहरूले भाग्नका लागि कारागार भित्र आगजनी गरेका थिए । प्रहरीहरू आगलागी निभाउन थालेपछि कैदी बन्दीहरू फरार भएका हुन् । त्यस क्रममा २५ जना र ६ जना गरी ३१ जनालाई नियन्त्रणमा लिन सफल भएको सीडीओ पोखरेलको भनाइ छ ।

उनीहरू भारततिर भागेको हुन सक्ने प्रहरीको आशंका छ । ‘इन्डियाको नाकातिर भागेको हुन सक्छ । ३१ जनलाई पक्राउ गरि ल्याइएको छ । बाँकीको पनि खोजी गरिरहेका छौं’ सीडीओ पोखरेलले भने ।

जेनजीको आन्दोलनको क्रममा ललितपुरको नख्खु कारागारबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेको बाहिर निक्लेसँगै देशभर कैदीबन्दीले ‘जेलब्रेक’ गरेर फरार भएका हुन् । त्यही नजिर राख्दै देशका अन्य जेलहरूबाट समेत कैदीबन्दी भित्रै आन्दोलन चर्काएर भागिरेका छन् ।

महोत्तरीको जलेश्वर

बाँकी पृष्ठ ३मा

## जेनजी आन्दोलनमा मृतकको संख्या ३० पुग्यो हजारभन्दा बढी घाइते

दैनिक समाचारदाता

काठमाडौं, २५ भदौ । समाजिक सञ्जाल बन्द र शासकीय अव्यवस्थाविरुद्ध जेनजी पुस्ताले सञ्चालन गरेको प्रदर्शनका क्रममा मृत्यु हुनेको संख्या ३० पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभरका विभिन्न अस्पतालमा उपचाररत घाइतेमध्ये थप मृतकको पुष्टि भएपछि संख्या बढेको हो ।




मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार काठमाडौंको सिभिल अस्पतालमा ६, राष्ट्रिय ट्रमा सेन्टरमा ८, भेरी अस्पतालमा ५, एभरेष्ट अस्पतालमा ३, फ्रन्टलाइन अस्पतालमा ३, केएमसी अस्पतालमा २, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ र त्रिवि शिक्षण अस्पतालमा १ जनाको मृत्यु भएको छ । त्यस्तै, सुनसरीको इटहरीमा प्रहरीले चलाएको गोलीबाट २ जनाको ज्यान गएको छ । देशभरका विभिन्न अस्पतालमा हालसम्म १ हजार ६१ जना घाइते उपचाररत रहेको मन्त्रालयले जनाएको छ । प्रदर्शनका क्रममा नयाँबानेश्वरस्थित संसद् भवन अगाडि आन्दोलनकारीले घेरा तोड्ने प्रयास गरेपछि प्रहरीसँग झडप भएको थियो । त्यसक्रममा प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा ठूलो संख्यामा प्रदर्शनकारी घाइते भएका थिए । कतिपयको बाटैमा र कतिपयको अस्पतालमा उपचारका क्रममा निधन भएको बताइएको छ ।

प्रहरीले न्युनतम संयमता पनि नअपनाएर आन्दोलनकारीमाथि आक्रमण गरेको आरोप लागेको छ । निजामती अस्पतालभित्रै पसेर प्रहरीले अश्रुग्यास प्रहार गर्दा स्वास्थ्यकर्मी र बिरामी समेत प्रभावित भएका थिए ।

यसैबीच, हिंसात्मक प्रदर्शनमा घाइते भएका तीन जना प्रहरीको समेत मृत्यु भएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार महाराजगञ्ज प्रहरी वृत्तका प्रहरी सहायक निरीक्षक मिलन राई, प्रहरी जवान उत्तम थापा र कोटेश्वरका प्रहरी जवान अमृत गुरुङको उपचारका क्रममा मृत्यु भएको हो ।

घटनापछि देशभरका कारागारसमेत प्रभावित भएका छन् । प्रहरी प्रवक्ता घिमिरेका अनुसार हालसम्म १३ हजार ५०० भन्दा बढी कैदी र करिब ५०० थुनुवा फरार भएका छन् । तीमध्ये केहीलाई पुनः नियन्त्रणमा लिइएको जानकारी उनले दिएका छन् ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# आक्रोश, आन्दोलन र समाधानको बाटो

'जेनजी पुस्ता'ले सुरु गरेको आन्दोलन मंगलबारसम्म आइपुग्दा मुलुककै प्रमुख संरचनामा धक्का पुग्यो । संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतदेखि मन्त्री र नेताहरूका निवाससम्म आक्रोशित भीडले तोडफोड र आगजनी गर्‍यो । भ्रष्टाचार, बेथिति, 'नेपो किड्स' र सामाजिक सञ्जाल बन्दविरुद्ध उठेको आवाज २७ घण्टामै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामासम्म पुगेको तथ्य नेपालकै राजनीतिक इतिहासमा असामान्य घटना हो ।

तर, आन्दोलनको आधारभूत स्वरूप न्याय र उत्तरदायित्वको माग थियो भन्ने कुरा बिर्सनु हुँदैन । शान्तिपूर्ण प्रदर्शनकै क्रममा प्रहरीले गोली चलाउँदा १९ होनहार युवाको ज्यान गएपछि आन्दोलन उग्ररूप लिएको हो । राज्यद्वारा गरिएको यस्तो दमन लोकतन्त्रको मूल्यविपरीत छ । तर अर्कोतर्फ आन्दोलनकारीले सार्वजनिक सम्पत्ति जलाउनु, संवैधानिक निकायहरू ध्वस्त पार्नु पनि समान रूपले अस्वीकार्य छ । दुवै चरम रूपले आन्दोलनको आत्मालाई कमजोर बनाउँछन् र मुलुकलाई थप अस्थिरतातर्फ धकेल्छन् ।

अब प्रश्न उठ्छ–संकटको समाधान कहाँ छ ? पहिलो, सत्य-न्याय सुनिश्चित गर्न स्वतन्त्र न्यायिक छानबिन आयोग तत्काल गठन हुनुपर्छ । दोस्रो, मृतक परिवारलाई न्याय र परिपूरण, घाइतेलाई निःशुल्क उपचार र पत्रकारलाई निर्वाध वातावरण उपलब्ध गराउनुपर्छ । तेस्रो, भ्रष्टाचार र 'नेपो किड्स'को जरो उखेलेर पारदर्शी शासनप्रणालीतर्फ गम्भीर कदम चाल्नुपर्छ । साथै, युवापुस्तासँग संवाद र सहभागिता बढाउने राजनीतिक इच्छाशक्ति देखाउनुपर्छ ।

जेनजी पुस्ताले देखाएको आक्रोश केवल कुनै एक नेताविरुद्ध होइन, दशकौंयता गढेको असमान र गैरजिम्मेवार प्रणालीविरुद्ध हो । त्यसैले समाधान पनि व्यक्तिको राजीनामामा सीमित छैन, संरचनागत सुधार र विश्वासको नयाँ आधार निर्माणमा छ । हिंसा र दमनले होइन, संवाद, उत्तरदायित्व र पारदर्शिताले मात्र देशलाई जोगाउन सकिन्छ । आजको संकट गहिरो छ तर समाधान असम्भव छैन । युवाको आक्रोशलाई सही दिशामा रूपान्तरण गर्न सकिए, यही आन्दोलन नयाँ नेपाल निर्माणको अवसर बन्न सक्छ । तर त्यसका लागि सत्ता, विपक्षी र नागरिक समाज सबैले संयम र जिम्मेवारी देखाउनैपर्छ ।

# नालायकीको हद नाघ्यो

कृष्ण खनाल

नेपालको राजनीतिक इतिहासमा दुःखदायी घटना घट्यो । एउटै स्थानमा एउटै शान्तिपूर्ण प्रदर्शनमा यति धेरै मानिस मरेको इतिहासमा हाम्रोमा छैन । यो भन्दा ठूल्ठूला आन्दोलन भएका छन् । ती बेलामा पनि गोली चलेका छन्। ती बेलामा पनि गोली चले । तर यति संख्यामा मृत्यु भएको एउटै घटनामा थिएन । यो कस्तो खालको सरकारको नीति हो ? कसरी त्यो गोली चलाको होला ? त्यसका पनि सिमाना हुन्छन् । त्यो सिमाना नाघेको देखियो, सिमानामा बसेको देखिएन ।




किन यस्तो भयो त्यो थाहा छैन । म फिल्डमा त थिइनँ तर बाहिरै बसेर आन्दोलनलाई हेरेँ । अत्यन्तै भयावह र दुःखदायी घटना भयो । राजनीतिमा अथवा सरकारको बारेमा विरोध हुनु, प्रदर्शन हुनु हामीले अपनाएको प्रणालाम स्वाभाविक हो । यस्तो चल्छ । तर यस्तो प्रणालीमा राज्यले संयमता अपनाउनुपर्छ । सरकारले जुन संयमता र एउटा सचेतना राख्नु पर्थ्यो त्यो कत्ति पनि देखिएन ।

प्रदर्शनकारीहरु नयाँ-नयाँ पुस्ताका थिए। नयाँ पिंढीका युवाहरु स्वःस्फूर्त रुपमा आएका थिए । कसैको नेतृत्व, कसैको चाही लगाम, कसैको निर्देशन त्यहाँ हुने कुरा भएन । त्यसले गर्दा अलिकति उत्तेजित भएर गएको पनि देखियो। तर यो त प्रदर्शनकारीभन्दा पनि सरकारको जिम्मेवारी हो । आन्दोलनको अवस्था अनुसार सरकारले जिम्मेवार पुरा गर्नुपर्थ्यो । सरकारले यो जिम्मेवारी पुरा गर्न नसकेको प्रष्ट देखियो।

सरकारलाई बाहिर र मिडिया सबैले भनिराखेका थियौं यो मात्र होइन विगत केही अघि देखिकै सरकारहरु अलोकप्रिय भइरहेका थिए । नागरिकहरुको सरकारमाथिको भरोसा र विश्वास टुट्दै गएको थियो। राजनीतिक दलहरु अलोकप्रिय भइराखेको अवस्था छ । अब यस परिस्थितिको कसरी मूल्यांकन गरेका थिए सत्तामा बस्नेहरुले, पार्टी चलाउनेहरुले ? स्थितीप्रति पटक्कै संवेदनशील भएको देखिँदैन ।

आफ्नो अलोकप्रियता हदैसम्म पुगिसकेको छ भन्ने कुराको आभास सरकारमा बसेका मान्छे र पार्टी चलाउने मानिसहरूले महसुस गरेको देखिँदैन । यो गैरजिम्मेवारीको हद नाध्दा फेरि यस्तो घटना हुन आयो । यसलाई रोक्न सक्ने उपायहरु उपायहरु थिए । त्यसमा ध्यान दिएको पाइँदैन ।

अहिले समाचाहरू फलो गर्दा जेनजी युवाहरुले तीनटा मुख्य मागहरु राखेको देखेँ । एउटा, भ्रष्टाचार विरोधी कुरा थियो । दोस्रो, विकृति विंगसगतिको कुरा थियो । तेस्रो, सामाजिक सन्जाल बन्दसम्बन्धी थियो । सुरुमा सामाजिक सन्जालमाथि प्रतिबन्धको कुरा मात्रै होला भन्ने थियो । पछि आयो 'नेपोबेबी' ।

यो सब कुरामा युवाहरू हेरिरहेका थिए, कहाँ के के भइराखेको छ भनेर । सरकार चलाउने मान्छे त यस्तो कुरामा सतर्क र सूचित भएर बस्नु पर्छ नि । यो आन्दोलन आजको आजै भएको त हैन नि । अस्ति बन्द आह्वान गरेर आज यतिकै निस्किएको जस्तो मलाई लाग्दैन ।

जेनजी युवाहरुको जुन सर्कल छ, यो सोसल मिडियामा खेलिरहने सर्कल हो । उनीहरुले बीचमा तयारी गरे होलान् । यस्तो कुराको जानकारी त सरकारले राख्न सक्नु पर्छ ।

यत्रो घटना भएको छ । जुन किसिमको माहोल देशव्यापी हुँदैछ, यसको प्रभाव यस्तो पर्न सक्छ भनेर पूर्वानुमान सरकारले गर्न सकेको देखिएन । त्यसकारण यो सरकारको नालायकीपनको हद भयो । यति संवेदनशील विषयमा अब कुन नैतिक आधारमा सरकारमा बसिरहने ? यो सामान्य घटना होइन ।

१९ जनाको मृत्यु हुँदा व्यवस्था नै परिवर्तन भएको थियो २०६२/०६३ सालको जनआन्दोलनमा । त्यो घोषित थियो । आन्दोलनकारीको व्यवस्था बदल्ने घोषित नीति थियो । अहिले प्रदर्शनकारीको त्यो व्यवस्था बदल्ने घोषित नीति नभएर केही कुराहरुमा उनीहरुका तीब्र प्रतिक्रिया देखिन्छ । एउटा भ्रष्टहरूले शासन गरे भन्ने देखिन्छ । यो आवाज प्रखर देखिन्छ ।

अब यसको निकास भनेको सरकारले जिम्मेवारी लिनुपर्छ । सरकारले जिम्मेवारी लिने भनेको प्रधानमन्त्रीदेखि संलग्न सबैले जिम्मेवारी लिने हो ।

सर्वोच्च अदालतको एउटा निर्देशन देखाएर सामाजिक सञ्जाल बन्द गरेर यो तहको क्षति निम्त्याउनु कर्मचारीतन्त्रको पनि पराकाष्टा हो । कानुन बनाउनु छैन, संसद चलिराखेको छ।

संसद् हाई काढेर गरेर बस्ने, सांसद हाजिर गरेर दगुर्ने अनि कानुन नबनाउने होइन नि । सर्वोच्च अदालतले कानुन बनाउन भनेको हो, आदेश जारी गरेर काम गर भनेको त होइन । त्यसकारण कर्मचारीतन्त्र हावी भयो ।

मानवीय संवेदनशीलता पनि प्रत्यक्ष नभएको देखिन्छ । किनभने नेपाली समाज, नेपाली जनता र भ्रष्टाचारको विषय फेसबुक र मेसेन्जरमा व्यापक रुपमा देखिएको छ । ४०/५० लाख मानिस देश बाहिर छन्, तिनका परिवार छन् । सामाजिक सञ्जालले तिनका परिवारहरु जोडिरहेका छन् ।

यसकारण सरकारले सामाजिक सञ्जाल बन्द गर्दा यो ख्याल गरेन । अहिले हामी खुला समाजमा छौं । यो व्यवस्थामा सोसल मिडिया चलाउने कम्पनीले टेरेनन् भन्दैमा भ्याप्पै बन्द गरेर चल्न सक्दैनथ्यो ।त्यसैले अब जिम्मेवारी लिनेले तत्काल जिम्मेवारी लिनुपर्छ । त्यस्तो किसिमको अन्धाधुन्ध गोली चल्ने अवस्था त्यहाँ कसरी सिर्जना भयो ? यो घटना माइतीघरमण्डला देखि बानेश्वर संसद भवनको ठाउँसम्म हो । एक किलोमिटरको दूरीको ठाउँमा यत्रो बिधिका मानिसको हत्या हुने अवस्था किन पर्‍यो ? यसको जवाफ चाहिन्छ ।

अनलाइनडटकमबाट

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू


| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

पुस्तक समीक्षाः

# जेन्जी पुस्ताले पढ्दै पर्ने पुस्तक “माँ बा”

कृष्ण अधिकारी

सकारात्मक सोचका धनी, नेपालको पर्यटन, सम्पदा र संस्कृतिका धरोहर तथा नेपाली साहित्यका सशक्त हस्ताक्षर कर्ण शाक्यको हालै बजारमा आएको नयाँ कृति‘माँ र बा’ले नेपाली समाजको सजीव चित्रण गरेको छ । आत्मकथात्मक शैलीमा लेखिएको जीवन(अनुभवको सङ्ग्रह यस पुस्तकमा पछिल्लो समय आफूलाई जन्म दिने सन्तानहरुले बाबु आमाप्रति गरेको व्यवहार, रहर र बाध्यताका बीच विदेश जानु परेका छोराछोरीका पीडा र बाबु आमाबीचको वियोगको अवस्थालाई बढ्दो मार्मिक ढङ्गबाट लेखकले विश्लेषण गर्नुभएको छ । उहाँका यसअघिका सोच, खोजजस्ता १४ वटा पुस्तक जत्तिकै यस पुस्तकले पनि वाङ्मयमा आफूलाई स्थापित गर्नुको साथै सम्पूर्ण पाठकहरुलाई आआफ्ना घरका व्यथालाई स्मरण गराउँदै हरेक छोराछोरीलाई आफ्ना बाबुआमाप्रतिको दायित्वबोध गराउन पुस्तक सफल भएको छ ।




पुस्तकमा लेखकले आफ्ना व्यक्तिगत जीवनका उतार(चढाव, परिवारसँगको सम्बन्ध, सामाजिक मूल्य(मान्यता, बाल्यकालदेखि प्रौढ जीवनसम्मका अनुभव र विशेषगरी आमा बाबुप्रतिको सम्झना गरिरहँदा पाठकलाई गम्भीर भएर सोच्न बाध्य तुल्याउँछ । पुस्तकले आमाबाबुको स्नेह, माया र मार्गदर्शनले व्यक्तिको जीवनलाई कसरी प्रभावित गर्छ भन्ने कुरालाई छर्लङ बनाएको छ । आफ्नो व्यक्तिगत सङ्घर्ष, समाजसेवा र जीवन दर्शनलाई पनि पुस्तकको शुरुदेखि अन्त्यसम्म सिलसिलाबद्ध ढङ्गबाट पुस्तुत गराउन सक्नुले लेखकको लेखकीय क्षमतालाई पुनःस्थापित गरेको छ । नेपाली संस्कृतिमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यहरूको व्याख्या गर्दै सन्तानलाई पूर्वीय सभ्यताअनुसार जन्म दिने बाबुआमाप्रति कृतज्ञ गराउन खोजिएको छ ।

पुस्तकमा व्यक्त विचार भावनात्मक मात्र नभई प्रेरणादायी पनि छन् । यसमा उहाँले आफ्ना बाल्यकालका अनुभवदेखि जीवनमा आइसकेका सङ्घर्ष र उपलब्धिलाई आमा बाबुबाट सिकेको शिक्षासँग जोडेर प्रस्तुत गर्नुभएको छ । आमा बाबुको स्नेह, अनुशासन र संस्कारले जीवनलाई कसरी सही बाटोमा अघि बढाउँछ भन्ने कुरालाई पुस्तकले राम्ररी शिक्षा दिन सकेको छ । आफ्नो जीवनका कठिन क्षणहरूमा पनि आमा बाबुको सम्झना, आशीर्वाद र शिक्षाबाट प्राप्त ऊर्जाले नै आफूलाई सफल व्यक्ति बनाउन सकेको उहाँको निस्कर्ष छ । नेपाली समाजमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यलाई लेखकले आधुनिक दृष्टिकोणबाट व्याख्या गर्दै समाज र संस्कृतिलाई राम्रोसँग जोड्नु भएको छ । व्यक्तिगत सङ्घर्ष, पारिवारिक सम्झना, शिक्षा र जीवनदर्शनलाई प्रेरणादायी ढङ्गले प्रस्तुत गरिएको यस पुस्तक व्यक्तिगत कथामा मात्र सीमित छैन, नेपाली समाजको वर्तमान अवस्थालाई सुक्ष्म रूपमा केलाइएको छ ।

जीवनको निरन्तर यात्रामा आरोह(अवरोहबीच सधैँ सपना देख्ने र अन्धकारमा पनि उज्यालो खोज्दै अघि बढ्न सक्ने क्षमता राख्नुहुने कर्ण शाक्यले पुस्तकमा लेख्नुभएको छ, ‘मैले धेरै सोचें, भने, बोलें, लेखेँ, र लेखेको कुरा पूरा पनि गरेँ । केही स्मृतिमा हराए, यद्यपि सपना देख्न कहिल्यै रोकिनँ ।’ यही भुटभुटीले नै उहाँले ८४ वर्षको उमेरमा पनि पुस्तक लेख्न प्रेरित गर्‍यो । जीवनको उत्तरार्द्धमा फर्केर हेर्दा, आफूले नसोचेको कल्पनाभन्दा बढी उपलब्धि हासिल गरेको, सन्तुष्टि पाएको र यसले औसत मान्छे हुँदाहुँदै आफूलाई महानायक अनुभूति भएका बेला आउने अहंकार वा स्वाभिमानले पनि अविचलित रहनसक्ने खुवि राख्नुहुन्छ उहाँ । आफ्नो सफलताको अन्तरात्माले एक्स(रे गरेर हेर्दा सफलताको गहिरो जग त मेरी आमा र बाबु पो रहेछन् भन्ने बोध भएपछि नै उहाँहरुप्रतिको जिम्मेवारी बोधले नै आफूलाई पुस्तक लेख्न प्रेरित गरेको शाक्य बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘जसरी जग देखिँदैन, भवन मात्र देखिन्छ । जति भवन अग्लो हुन्छ, त्यति नै जग गहिरो र बलियो हुनुपर्छ । आमाले जन्म दिनुभयो, बाबाले कर्म । तर आमाबाबुलाई सन्तानले के दियौँ ? यही प्रश्नले मलाई यो पुस्तक लेख्न घचघच्यायो । अतः मलाई जन्म दिने आमा र बाबुलाई अक्षरको कुन्जमा अमर बनाउन चाहें ।’ पुस्तकमा उहाँको तीन पुस्ताको उद्यमशीलताको जिउँदो गाथाले सङ्घर्षदेखि सफलता, निराशाबाट आशा र विचारबाट उपलब्धिको सकारात्मक यात्रा तय गरेको छ । अठार वर्षको कलिलो उमेरमै बाबा स्वर्गारोहण भएकाले पितृत्वको अधुरो माया मात्रै पाउनु भएका उहाँका सपनामा प्रायःआइरहने बुबाको दृश्यले उहाँलाई पितृबोध मात्र गराएन, विदेशमा रहेका ८५ लाख नेपालीका बाबुआमाको सपनासँगै खोसिएका खुशीहरुलाई कसरी फर्काउन सकिन्छ भन्ने हुटहुटीले पनि सताएको पाइन्छ । आफ्ना जरा, संस्कार र सम्बन्धप्रतिको सम्मान भावनालाई उजागर गर्ने प्रयासस्वरुप पाणिनी बुक्सले प्रकाशनमा ल्याएको यस पुस्तक जेन्जी पुस्ताका लागि मार्गदर्शन बन्ने विश्वास गरिएको छ ।

उहाँका धेरै पुस्तकको शिर्षक दुई दुई अक्षरको रहेको हुँदा यही लय समात्दै यस किताबको नाम पनि “माँ बा” राख्नु भएको देखिन्छ । वास्तवमा माँ र बा त ती दुई अक्षर हुन्, जुन प्राणी मात्रले जीवनमा पहिलो उच्चारण गर्ने शब्द हुन् । यसले प्रेम र सुरक्षाको अनुभूति दिन्छ । आमा बाबुको सम्झना मात्र होइन, उनीहरू जीवित छँदाखेरि सम्मान, माया र सेवा गर्नु नै सन्तानको महान कर्तव्य हो भन्ने कुरा पुस्तकले प्रष्ट्याउँछ । भावी पुस्ताका लागि हस्तान्तरण गरिएको यस पुस्तकमार्फत लेखकले आफ्ना आमा(बाबुप्रतिको श्रद्धाञ्जलि मात्र होइन(पूजा र संस्कारको दस्तावेजको रूपमा प्रस्तुत गर्नुभएको छ । रासस

# अबको निकास कसरी ?



ध्रुवसत्य परियार

काठमाडौँ । जेनजीको आन्दोलनले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकार ढालेपछि देश एक प्रकारको शून्यता वा रिक्ततामा छ ।

सँगसँगै एउटा यक्ष प्रश्न खडा भएको छ– अबको निकासमा संवैधानिक आधार के-कति र कसरी रहने ?

राजनीतिक शास्त्रका प्राध्यापक तथा राजनीतिक विश्लेषक कृष्ण खनाल यो रिक्तता धेरै लम्बिनु नहुने बताउँछन् । ‘अहिलेको जुन परिस्थिति छ, यसको निकास केवल संविधानका पाना पल्टाएर हुँदैन, प्रधानमन्त्रीले राजीनामा गरेपछि संसद्‌बाट नयाँ प्रधानमन्त्रीको खोजी हुनुपर्थ्यो, त्यो अवस्था त छैन, त्यो अवस्थाको राजीनामा पनि होइन,’ उनले रातोपाटीसँग भने, ‘अहिले संविधान पनि जोगिने र निकास पनि निस्कने बाटो खोजी गर्नुपर्छ कि जस्तो मलाई लाग्छ । त्यो भनेको सबैले र जेनजी आन्दोलनले स्वीकार गर्न सक्ने व्यक्तिको नेतृत्वमा अन्तरिम व्यवस्थापनको एउटा बाटो हुन सक्छ, यसका लागि राष्ट्रपति संस्था प्रयोग गर्न सकिन्छ ।’

प्राध्यापक खनालका अनुसार, अब बन्ने चुनावी सरकारले भोलि नयाँ अनुहार ल्याउन सक्छ । त्यसपछि संविधानमा सुधार वा परिवर्तन जे गर्नुपर्छ, गर्न सकिन्छ । ‘सामान्यतः यही हो, यसबारे थप भन्न सकिने अवस्था छैन,’ उनी भन्छन्, ‘तपाईं हामीले भनेजस्तो हुने भए त सायद यो स्थिति आउँदैनथ्यो होला ।’

संविधानमा कति टेक्ने, नटेक्ने भन्ने प्रश्नमा उनी भन्छन्, ‘संविधानमा टेक्दाखेरि संसद्मा जानुपर्छ । त्यो सम्भव अहिले मैले देख्दिनँ । यद्यपि राष्ट्रपतिलाई साक्षी राखेर अन्तरिम व्यवस्थापन गर्ने भनेको संविधानको कुरा त हो, अन्तरिम व्यवस्थापन भनेको समझदारीबाट निस्कनुपर्‍यो । यसो गर्दा पूर्ण रूपमा संविधानको बेवास्ता हुँदैन, केही न केही संविधानको मर्यादा कायम हुन्छ र अर्को कुरा एउटा निकासका लागि उपयुक्त र स्वीकार्य बाटो पनि बन्छ ।’

पूर्वन्यायाधीश बलराम केसी यतिखेर सेना, जेनजी, बालेन शाह, रास्वपा र नागरिक समाजप्रति जनआस्था बढेको बताउँछन् । यी सबै मिलेर अगाडि बढ्नुपर्ने उनको निष्कर्ष छ । ‘राष्ट्रपतिले यिनीहरूलाई बोलाएर यिनीहरूबाटै एउटा अन्तरिम कामचलाउ चुनावी सरकार गठन गर्नुपर्छ,’ पूर्वन्यायाधीश केसी भन्छन्, ‘सकभर संविधान भित्रैबाट चल्नुपर्‍यो । संविधान खारेज गर्नु हुँदैन, संविधान नभए देश खतम हुन्छ । संविधानभित्रबाट चल्न अलिकति गाह्रो पनि छ ।’

कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले सातबुँदे सम्झौता गरेदेखि नै देशमा दुर्दशाको बिउ रोपिएको उनको विश्लेषण छ । ‘त्यतिबेलै मैले भनेको थिएँ– यसले संविधान र व्यवस्थालाई नै धक्का दिन सक्छ । कांग्रेसको बुई चढेर एमालेले बदमासी गरिरहेछ । जति लामो समयसम्म यो सरकार बस्यो, उति नेपालमा अनिष्ट हुन्छ,’ उनी भन्छन्, ‘अहिले यिनीहरूले राम्रो काम गरिदिएको भए जेनजी उठ्नैपर्दैनथ्यो । जेनजी खासगरी भ्रष्टाचारको विरुद्धमा आएको हो । अहिले प्रमुख कांग्रेस-एमालेका नेतालाई जनताले हत्याउँछन्, उनीहरूमाथि अनुसन्धान गर्नुपर्छ ।’

अहिले देश राजनीतिक रूपमा जुन अवस्थामा आइपुगेको छ, यो प्रकृतिको अवस्थालाई हाम्रो संविधानले कहीँ परिकल्पना नगरेको बताउँछन्, पूर्वन्यायाधीश अनिलकुमार सिन्हा । ‘राजनीतिक पार्टीहरूमा मात्रै (सरकार) घुमिराख्ने हिसाबले यो संविधानको निर्माण भएको छ । भविष्यमा हुन सक्ने परिदृश्यलाई कहीँ राखिएन, त्यो खालको सोच नै त्यो बेला बनाउन सकिएन,’ पूर्वन्यायाधीश सिन्हा भन्छन्, ‘संविधानमा त्यस्तो निकास देखिँदैन भने शून्यको अवस्थामा राज्यलाई राख्न सकिँदैन । त्यही भएर मैले आवश्यकताको सिद्धान्त (डक्ट्रिन अफ नेसेसिटी) अपनाउनुपर्ने अवस्था आउन सक्छ भनेको छु ।’

उनका अनुसार, सामान्य अवस्थामा सेना ‘फ्रन्टलाइन’मा हुँदैन। अहिलेको अवस्थामा शान्ति सुव्यवस्थाका लागि सेना चाहिन्छ। ‘जहाँसम्म राजनीतिमा सेनाको प्रवेश भन्ने हाम्रो संविधानमा अवधारणागत रूपमा कतै छैन,’ उनी भन्छन्, ‘सहजीकरणमा सेनाको भूमिका रहन्छ नै । राष्ट्रपतिको भूमिका नै सेरेमोनियल प्रकृतिको छ । राष्ट्रपतिलाई एउटा बाटो प्रशस्त गर्नका लागि मात्रै अगाडि राख्ने हो ।’

## मधेशका....................

कारागारबाट मंगलबार साँझ सबै ५७६ कैदीबन्दी भागेका थिए ।

मधेश आन्दोलनका क्रममा भएका सशस्त्र प्रहरीका सई थमन विक हत्या प्रकरणको अभियोगमा रहेका ६ केदीलाई आन्दोलनकारी रिहाइ गराउन गएको बेला कैदीबन्दी पनि आन्दोलन गरेर भागेका हुन् ।

यस्तै गौर कारागारबाट २३३ कैदीबन्दी फरार भएका छन् । २९१ कैदी रहेको जेलमा तोडफोड गरी २४ जना बाहेक सबै भागेका छन् ।

यस्तै सर्लाहीको मलंगवा कारागारमा आज बिहान आन्दोलन गरेर कैदीबन्दी आगजनी गरेर भाग्न खोजेपनि तीनवटै सुरक्षा निकायले रोक्न सफल भएका छन् । आगजानी नियन्त्रणमा लिएका थिए ।

सो जेलमा विवादित धर्मगुरु रामबहादुर बम्जन छन् । उनका समर्थकहरू उनलाई त्यहाँ आक्रमण गरेर छुटाउन पुगेका थिए ।

यद्यपि, सुरक्षाकर्मीले धपाएका थिए भने आगजनी निभाएका थिए । त्यस क्रममा कयौं राउण्ड हवाई फायर र अश्रुग्यास सुरक्षाकर्मीले प्रहार गरेका थिए ।

वीरगञ्जको कारागारबाट भाग्न खोजेपछि रातिदेखि नै तनाव थियो । नेपाली सेनाले गोली चलाएर वीरगञ्जमा कैदीबन्दीलाई रोकेको छ । अहिले देशका धेरै कारागारमा नेपाली सेना परिचालन गरिएको छ । सुरक्षाकर्मीको सक्रियताले रोक्न सफल भएको र अहिले अवस्था समान्य रहेको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए ।

सिरहा कारागार भने अहिलेसम्म शान्त छ । मधेशमा रहेका कारागार सदरमुकाम र सीमाको नजिकमा रहेकाले बहु संख्यक कैदी खुल्ला सीमा हुँदै भारत भागेको हुन सक्ने आशंका गरिएको छ ।

कैदीहरू जेलबाट भागेपछि समाजमा असुरक्षा र भयत्रास सिर्जना भएको छ । फरार कैदीहरुको खोजी कार्य भइरहेको प्रशासनले जनाएको छ ।

# काठमाडौं उपत्यकामा शुक्रबारसम्म निषेधाज्ञा र कर्फ्यू आदेश जारी

दैनिक समाचारदाता

काठमाडौं, २५ भदौं । नेपाली सेनाले काठमाडौं उपत्यकामा शुक्रबार ( भदौ २७ गतेस)म्म कर्फ्यू आदेश जारी गरेको छ ।

पछिल्लो सुरक्षा परिसथितिको विश्लेषणका आधारमा नागरिकको धनजनको सुरक्षाको लागि भन्दै सेनाले बुधबार विज्ञप्ति जारी गर्दै कर्फ्यू आदेश जारी गरेको हो ।

सैनिक जनसम्पर्क कार्यालयका अनुसार भाद्र २६ गते अर्थात बिहीबार विहान १० बजेदेखि बेलुका ५ बजेसम्म निषेधाज्ञा जारी गरिएको छ ।


यस्तै भदौ २६ गते बिहीबार बेलुकी ७ बजेदेखि भदौ २७ गते शुक्रबार बिहान ६बजेसम्म कर्फ्यू आदेश जारी गरेको सेनाले जनाएको



छ ।निषेधाज्ञा तथा कर्फ्यूको दौरानसमेत अत्यावश्यक सेवाका सवारी साधनहरू सञ्चालन गर्न सकिनेछ । जसमा एम्बुलेन्स, शव बाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ओसारपोसार गर्ने गाडी रहेका छन् ।

# बैंकमा रहेको सर्वसाधारणको पैसा सुरक्षित

दैनिक समाचारदाता
काठमाडौं, २५ भदौ । जेनजीले मंगलबार गरेको प्रदर्शनका कारण बैंक तथा वित्तीय संस्थाहरूमा पनि भौतिक क्षति भएको छ । आक्रोशित प्रदर्शनकारीले तोडफोड र आगजनी गर्दा बैंक तथा वित्तीय संस्थाका केही शाखा कार्यलयमा क्षति पुगेको हो ।
प्रदर्शनकारीले बैंक तथा वित्तीय संस्थाका कार्यलयमा आक्रमण गर्दा भौतिक क्षति भए पनि मानवीय र नगद क्षति भने नभएको छाता संगठनका प्रतिनिधिले बताएका छन् ।
बैंक तथा विकास बैंकहरूका केही शाखा कार्यलयमा तोडफोड भए पनि ढुकुटीसम्म पुगेर नगद लुटपाट नै गरेको भन्ने जानकारी हालसम्म नभएको नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बताए ।
मंगलबार राति नयाँ बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखा तोडफोड र लुटपाट गर्न खोजिए पनि नेपाली सेनाका कारण मानवीय र नगद नोक्सानी नभएको उनले बताए ।
त्यसैगरी केही स्थानका एटीएम मेसिन तोडफोड गरी नगद झिक्न खोजिए पनि त्यो असम्भव हुने भएकाले नगदको नोक्सानी



हुनबाट बचेको कोइरालाको भनाइ छ ।
उनका अनुसार हालसम्म कुनै पनि बैंकको कार्यलयबाट नगद लुट्ने खालको गतिविधि भएको छैन । कार्यालयका झ्यालढोका फुटाउने तथा फर्निच तोडफोड भने भएका छन् ।
मंगलबारको प्रदर्शनका कारण के कस्ता क्षति भयो भन्ने यकिन जानकारी नआइसकेको उनले बताए ।
'बैंकका कार्यलयमा कर्मचारीहरू पनि नभएको र के कस्तो क्षति भएको छ भनेर अनुमान गर्न पनि सम्पर्क गरेर जनकारी लिने अवस्था नभएकाले क्षतिको विवरण आउन सकेको छैन,' उनले भने ।
बैंकका कार्यलयमा भएको क्षतिका सन्दर्भमा बुधबार मात्रै संकलन सुरु गरेको उनको भनाइ छ । 'हालसम्म नगद नै क्षति भएको भन्ने आएको छैन, तोडफोड भने भएको छन्,' उनले भने ।
कतिपय सरकारी कार्यालयका छेउमा भएका बैंकका शाखाहरूमा बढी तोडफोड भएको उनले बताए । बैंकिङ क्षेत्रमा भएको क्षतिको विवरण खोज्ने काम सुरु भएको उनको भनाइ छ । दसौं हजार कर्मचारीलाई घरतिर पठाएकाले पनि विवरण संकलनमा केही जटिलता आएको उनले बताए ।
त्यसैगरी डेभलपमेन्ट बैंकर्स संघले पनि मंगलबारको आन्दोलनको असरबारे बुधबार बिहान छलफल गरेको छ । डेभलपमेन्ट बैंकहरूमा पनि मंगलबारको आन्दोलनबाट खासै क्षति नभएको संघको निष्कर्ष छ ।
संघ कोषध्यक्ष कपिल ढकालका अनुसार क्षति भएको हुन सक्ने अनुमान गरिए पनि त्यसको विवरण के कस्तो छ भनेर छलफल गर्दा खासै नोक्सान नभएको जानकारी आएको बताए ।
आन्दोलकारीहरूको उद्देश्य बैंकहरूमै आक्रमण गर्ने नदेखिएकाले पनि क्षति नभएको उनको भनाइ छ । 'अब यो गाउँपालिका अध्यक्ष, उपाध्यक्षको घरहरू भएको ठाउँमा घर जलाउँदा बैंक पर्ने छुट्टै भयो,' ढकालले भने, 'विकास बैंकहरूमा पनि सामान्य भौतिक क्षति भए पनि मानवीय र नगद क्षति भएको छैन ।'
मंगलबारको प्रदर्शनमा सिंहदरबार सहित अधिकांस सरकारी कार्यलयमा तोडफोड र आगजनी भएको छ । त्यसका साथै केही उद्योग तथा व्यवसाय, उद्योगीका निवासमामा पनि आगजनी तोडफोड भएको छ ।

# सर्वोच्च अदालतमा टेन्टबाट सेवा प्रवाहको तयारी



दैनिक समाचारदाता
काठमाडौं, २५ भदौ । मंगलबार प्रदर्शनकारीले सर्वोच्च अदालतमा आगजनी गरेपछि बुधबार दिउँसो २ बजे पनि परिसरमा धुँवाको मुस्लो देखिन्थ्यो। भवनको पछिल्लो भागमा आगो निभिसकेको थिएन भने परिसरभरि जलेर नष्ट भएका गाडी यत्रतत्र छरिएका थिए। कुनै पनि सग्लो अवस्थामा देखिएन।
अदालतभित्र रहेका मुद्दाका फाइलमध्ये केही खरानीमा परिणत भएका छन् भने कतिपय जलेको अवस्थामा भेटिएका छन्। दराजभित्रका कागजातसमेत जलेर नष्ट भएका छन्। तर, कर्मचारीहरू जलेका फाइल संकलन गर्ने काममा व्यस्त थिए। अधिवक्ताहरू पनि उनीहरूसँगै सरसफाइमा जुटेका थिए।
"सबै जलेको छ, के गर्ने के नगर्ने," एक कर्मचारीले दुःख व्यक्त गर्दै भने।
अदालतको भित्री भागमा रहेको 'बन्द इजलास' लेखिएको प्लेटसमेत निकालेर प्राङ्गणको पर्खालमा झुन्ड्याइएको थियो। सर्वोच्च अदालत परिसरको सुरक्षार्थ सेनाको टोली खटाइएको छ।
यसैबीच, प्राङ्गण सफाइको काम सकिएलगत्तै टेन्ट टाँगेर सेवा प्रवाह गर्ने तयारी अदालतले गरेको छ। आगजनीका कारण अदालत पूर्ण रूपमा क्षति पुगेको बताइएको छ।

# स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आयोगको आग्रह

दैनिक समाचारदाता
काठमाडौं, २५ भदौ । राष्ट्रिय मानवअधिकार आयोगले स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आग्रह गरेको छ ।
आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै सङ्कटको यस घडीमा स्थितिलाई सामान्य बनाउन राज्यका सबै निकाय र आमनागरिकको सकारात्मक र सक्रिय भूमिका आवश्यक भएकाले सबैले आआफ्नो भूमिका निर्वाह गर्न आयोगले आग्रह गरेको बताउनुभएको छ ।
आयोगले वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनुपर्ने बताउनुभयो । "लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन सक्दछ भन्ने कुरामा आयोग दृढ छ । अतःजनताका हकअधिकारलाई थप मजबुत र सुरक्षित बनाउँदै लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनु पर्दछ", आयोगले भनेको छ ।
आयोगले देश विषम अवस्थामा रहेको वर्तमान सन्दर्भमा सबैपक्ष संयमित हुनु पनि आग्रह गरेको छ ।
"विगत दुई दिनमा घटेका हिंसात्मक कार्य, आगजनी र तोडफोडले देशको ठूलो जनधनको क्षति भएको दुःखद् घटनाप्रति सबैको चिन्ता हुनु स्वाभाविकै हो । अब यसप्रकारका घटना हुने छैनन् भन्ने कुरामा विश्वस्त हुँदै कोही कसैले पनि हिंसात्मक कार्य नगर्न नगराउन हुन आयोग सबैमा आह्वान गर्दछ", आयोगले अगाडि भनेको छ । आयोगले सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको जिम्मेवारी मनन गर्दै वर्तमान अन्योलताको अवस्थाबाट अगाडि बढ्नु आवश्यक रहेको भन्दै यसका लागि राष्ट्रिय मानव अधिकार आयोग आवश्यक भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको बताएको छ । आयोगका प्रवक्ता डा पोखरेलले काठमाडौंलगायत देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिको उत्पन्न अवस्थाका सम्बन्धमा आयोगले अनुगमनलाई निरन्तरता दिएको जनाएको छ ।
उहाँले देशका विभिन्न सहरमा भएको दुई दिनको प्रदर्शनपश्चात् लागेको निषेधाज्ञाको समयमा समग्र मानवअधिकारको स्थिति एवं मृतकका परिवार र घाइतेहरूको अवस्था बुझ्ने कार्यलाई आयोगले आज पनि निरन्तरता दिएको जनाउनुभएको छ ।

# राजविराज कारागारबाट फरार मध्ये ३४ कैदीबन्दी पक्राउ

दैनिक समाचारदाता
सप्तरी, २५ भदौ । राजविराजस्थित जिल्ला कारागारबाट फरार मध्ये २४ कैदीबन्दीलाई पक्राउ गरिएको छ । प्रहरी नायब उपरिक्षक जितेन्द्रकुमार बस्नेतले २०५ कैदीबन्दी फरार भएकामा ३४ जनालाई एक घण्टा भित्रै पक्राउ गरिएको जानकारी दिनुभयो । अन्य फरार कैदीबन्दी भारत तर्फ भाग्न सक्ने अनुमानका साथ सिमानाका क्षेत्रमा खोज तलास तीव्र पारिएको उहाँले बताउनुभयो । कारागार भित्र आगजनी तथा मुल ढोकाको ताल्चा फुटाएर कैदीबन्दी भागेका थिए ।
प्रहरीका अनुसार फरार मध्ये अधिकांश 'बी' ब्लकका कैदीबन्दी छन् । सुरुमा कारागार भित्रका फर्निचर र सुत्ने ओच्छयानहरुमा आगो लगाएका कैदीबन्दीले मुल ढोकाको ताल्चा फुटाएका थिए । कारागारमा पुरुष कैदीबन्दीका 'ए' र 'बी' गरी दुई ब्लक तथा महिला कैदीबन्दीका लागि छुट्टै गरी कुल तीन ब्लकमा ३९५ कैदीबन्दी थिए । जसमा २३ महिला छन् ।




# लुटिएका थप हतियार बरामद

दैनिक समाचारदाता
काठमाडौँ, २५ भदौ । नेपाली सेनाले महाराजगञ्ज इलाकाबाट लुटपाट गर्ने चार जना व्यक्तिसहित सात नाल हतियार र उक्त हतियारका म्यागजिन, राउण्ड, ब्युनेटलगायत एसेसरिज तथा व्यक्तिगत सामग्रीहरू बरामद गरेको ।
साथै, विशेष सूचनाका आधारमा बालाजु माछापोखरी इलाकाबाट थप १ (एक) नाल हतियार बरामद गरिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ । हालसम्म ७३ नाल हतियार बरामद भएको छ ।
यसैगरी, काभ्रेस्थित धुलिखेल जिल्ला कारागारमा कैदीबन्दीको नेपाल प्रहरीसँग झडप भएकामा हाल स्थिति नियन्त्रणमा आएको छ ।
त्यसैगरी, डिल्लीबजार कारागारमा लागेको आगो नेपालीसेना तथा अन्य निकायको प्रयासमा नियन्त्रणमा आएको



सेनाले जनाएको छ । सुरक्षा फौजले विभिन्न जिल्लामा कारागारबाट फरार कैदीबन्दीमध्ये सप्तरीमा चार, सुनसरीमा २०२, रुकुम (पश्चिम)मा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा चार जनालाई पक्राउ गरेको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४